

# ६ परमेश्वरको वचन पढेर सुनाउनु

***यस अध्यायका मूल पदहरू:*** नहेम्याह ८:१८, व्यवस्था ३१:९-१३, मत्ती १७:५, प्रेरित ८:२६३८, नहेम्याह ८:९-१२ र लेबीहरूलाई २३:३९-४३।

***यस अध्यायको मूल सार पद:*** **"तिनीहरूले परमेश्वरको व्यवस्था सबैले बुझ्ने गरेर स्पष्टरूपमा पढेर सुनाए। तिनीहरूले जे सुने सो तिनीहरूले बुझ्न सके। तिनीहरूले सुनेको वचन मनासिब भएको महसुस गरे।" (नहेम्याह ८:८ रूपान्तरित)।**

यरुशलेमको पर्खालको निर्माण कार्य सकिएको थियो। पर्खालका ढोकाहरू राखेपछि नहेम्याहको नेतृत्वमा भएको मुख्य काम सकिएको थियो। जब पर्खालको काम सकियो तब छिमेकी देशका मानिसहरूमा परमेश्वरप्रति श्रद्धा जाग्यो र तिनीहरूले शिर झुकाए। "पर्खाल निर्माणको काम परमेश्वरले नै सम्पन्न गर्नुभएको हो" भनेर तिनीहरूले महसुस गरे (नहेम्याह ६:१६ रूपान्तरित)। इस्राएलको परमेश्वर सत्य हुनुहुन्छ भनेर शत्रुहरूले पनि महसुस गरे किनभने इस्राएलीहरूप्रति तिनीहरूको विश्वासै गर्न नसकिने धम्की र घृणाको बाबजुद पनि तिनीहरू एकजुट भएर निर्माण कार्य सम्पन्न गरेका थिए।

पर्खालको काम सकिएपछि नहेम्याहले उनको भाइ हानानीलाई यरुशलेमको बडा हाकिम नियुक्त गरे भने यरुशलेम किल्लाको रेखदेख गर्न हाननियालाई जिम्मा लगाए। इमान्दारिता, विश्वसनीयता र परमेश्वरप्रति हार्दिक झुकावको आधारमा ती मानिसहरू ती काममा खटिएका थिए। तिनीहरूलाई बंशजको आधारमा होइन तर गुण र खुबीको आधारमा चुनिएको थियो ("१ अब पर्खाल बनिसकेको थियो। ढोकाहरू ठाउँ-ठाउँमा राखिएका थिए। मन्दिरका पहरेदारहरू, पवित्र भजन गाउने गायक र लेवीहरू आ-आफ्ना काम-काजमा खटाइएका थिए। २ यरूशलेम सहरमाथि शासन गर्न मैले दुई

जना व्यक्ति खटाएँ। ती दुईमा मेरा भाइ हनानी र किल्लाका सेनापति हनन्याह थिए। हनन्याह भरपर्दा र परमेश्वरको भय मान्ने व्यक्ति थिए, उनीजस्तो अरू कोही थिएन। ३ मैले तिनीहरूलाई यरूशलेमका ढोकाहरू बिहान घाम नझुल्कुञ्जेलसम्म नखोल्नू र बेलुका घाम अस्ताएपछि पहरेदारहरू हुँदाहुँदै ढोकाहरू बन्द गरेर राम्ररी आग्लाहरू लगाउनू भनें। पहरेदारहरू यरूशलेमकै बासिन्दाहरूमध्येबाट खटाउनू, तिनीहरूलाई विशेष-विशेष ठाउँमा पहरा दिन लाउनू र ती बाहेक अरू मानिसहरूलाई चाहिँ आ-आफ्ना घरका चारैपट्टि गस्ती गर्न आदेश दिएँ।" नहेम्याह ७:१-३)। इल्युल अर्थात् छैटौं महिनामा पर्खालको काम सकिएको थियो (नहेम्याह ६:१५)।

अब पर्खालको निर्माणको काम सकिएपछि यहूदीहरू के गर्न थाले त? नहेम्याह ८र१०मा तिश्री अर्थात् सातौं महिनामा (नहेम्याह ८:२) भएका विभिन्न उल्लेखनीय घट्नाहरूको श्रृङ्खला प्रस्तुत गरिएको छ। परमेश्वरको वचनको पालन गर्न इस्राएलीहरू कति कटिवद्ध भए र त्यो कतिवद्धताप्रति तिनीहरूले कसरी आनन्द मनाए भनेर नहेम्याह अध्याय ८देखि १० हेर्नेछौं।

## १. मानिसहरू भेला हुन्छन्

**कुनै मानिसको वचन वा दर्शन भन्दा पनि परमेश्वरको वचन यहूदीहरूलाई कतिको गरिमामय र महत्त्वपूर्ण हुन्थ्यो भनेर नहेम्याह ८:१,२ले कसरी बताउँछ? हेर्नुहोस्, "१ सात महिना बितुञ्जेल इस्राएलीहरू सहरमा बसोबास गर्न लागिसकेका थिए। त्यस महिनाको पहिलो दिनमा तिनीहरू सबै यरूशलेममा पानी-ढोकाको भित्रपट्टि चोकमा भेला भए। व्यवस्थाका शास्त्री पुरोहित एज्रालाई तिनीहरूले व्यवस्थाको पुस्तक चोकमा ल्याउन लाए। व्यवस्था-विधि परमेश्वरले मोशाको हातद्वारा इस्राएलीहरूलाई दिनुभएको थियो। २ एज्राले मानिसहरू भेला भएका ठाउँमा व्यवस्थाको पुस्तक ल्याए। त्यहाँ नर-नारी र बुझ्न सक्ने उमेर भएका केटा-केटीहरू सबै थिए।"**

जब यहूदीहरूले पर्खाल निर्माणको काम पूर्णरुपमा सिध्याए तब तिनीहरू यरुशलेममा सरे। सातौं महिनामा तिनीहरू यरुशलेमको ठूलो टुँडिखेलमा भेला भए। त्यो सातौं महिना अर्थात् तिश्रीको महिना यहूदीहरूको निम्ति सायद अत्यन्तै महत्त्वपूर्ण महिना थियो। त्यो तुरहीहरू बजाउने चाडको रूपमा समर्पण गरिएको महिना थियो (यो महिनाको पहिलो दिन अर्थात परमेश्वरको न्यायको दिनको निम्ति तयार हुने महिना थियो)। पश्चातापको दिन वा महिनाको दशौं दिनमा मनाइने न्यायको दिन र छाप्रोबासको पर्व जसले

यहूदीहरूलाई मिश्रदेशबाट छुटाएर ल्याए र तिनीहरूको यात्रामा खाना उपलब्ध गराइएको दिनको सम्झनाको दिन भनेर मनाउनका लागि तयार हुन त्यो तिश्री चाड थियो। त्यो पर्वचाहिँ महिनाको १५औं दिनमा पर्थ्यो। तुरहीहरू बजाउने पर्व मनाउने दिनमा मानिसहरू भेला भएका थिए। त्यो महिनाको पहिलो दिन थियो। अगुवाहरूले इस्राएल देशका सारा पुरुष र महिलाहरूको विशेष भेला व्यवस्थितरूपमा बोलाएका थिए। परमेश्वरको व्यवस्थाको पुस्तक पढेर परमेश्वर र तिनीहरूको इतिहासको जानकारी दिनु त्यस भेलाको उद्देश्य थियो।

मोशाले लेखेका व्यवस्थाको पुस्तक मानिसहरूकासामु ल्याएर पढ्न एज्रालाई अनुरोध गरियो। त्यस अवसरमा मानिसहरूले मञ्च पनि तयार पारे र किताब राखेर पढ्नका लागि टेबुल वा पुलपिट पनि निर्माण गरिएको थियो। अगुवा वर्गले मानिसहरूलाई करै गरेर सो व्यवस्था मिलाएका थिएनन्। तर त्यसको बिपरीत "तिनीहरू" वा आम जनताले एज्रालाई पुस्तक बाहिर ल्याउन अनुरोध गरेका थिए।जहाँ एज्राले सिनै पहाडमा मोशालाई दिइएको परमेश्वरको व्यवस्था र मोशाका अरू किताबहरू मानिसको सामु पढेको हुनुपर्छ।

**व्यवस्था ३१:९-१३ पढ्नुहोस्। यहाँ परमेश्वरले के गर्न आदेश दिनुभएको छ र त्यसबाट वर्तमान समयमा पनि हामीले के पाठ सिक्न सक्छौं? हेर्नुहोस्, "९ यसकारण मोशाले परमेश्वरको नियम लेखे अनि परमप्रभुका करारको सन्दुक आफ्नो जिम्मा लिएका लेवी पूजाहारीहरू र इस्राएलका अगुवाहरूलाई दिए। १० उनले तिनीहरूलाई यस्तो आज्ञा दिए, "सात-सात वर्षमा जब ऋण मिनहा गरिदिने वर्ष आउँदछ, छाप्रो-बासको चाडमा यो पुस्तक उच्च सोरले पढ्ने गर्नू। ११ एक मात्र आराधना-स्थलमा इस्राएलीहरू परमप्रभु आफ्ना परमेश्वरलाई पुज्न आउँदा यो तिनीहरूलाई पढी सुनाउनू। १२ सबै पुरुष, स्त्री, केटा-केटी र तिम्रा सहरहरूमा बास गर्ने विदेशीहरूलाई एकसाथ बोलाउनू अनि सबैले यो सुनेर परमप्रभु तिम्रा परमेश्वरलाई आदर गर्न र विश्वासयोग्यसाथ उहाँका शिक्षाहरू पालन गर्न सिकून्। १३ यसरी परमप्रभु तिमीहरूका परमेश्वरको नियमबारे कहिल्यै नसुन्ने तिम्रा सन्तानले पनि यसबारे सुन्नेछन्। अनि तिमीहरूले यर्दनपारि अधीन गर्न आँटिका देशमा बास गरून्जेल तिनीहरूले उहाँको वचन पालन गर्न सिक्नेछन्।"**

छाप्रोबासको पर्बमा मानिसहरूलाई जम्मा गराएर परमेश्वरको व्यवस्था सबैले मिलेर पढ्नु भनेर मोशाले इस्राएलीहरूलाई आदेश दिएका थिए भनेर व्यवस्था ३१:९-१३ ले उल्लेख गरेको छ। मानिसहरू जम्मा गर्नु भन्दा पुरुष, स्त्री, केटाकेटीहरू र तिनीहरूसँग रहेका बिदेशीहरू समेत हुनुपर्छ।

**नहेम्याह ८:१मा व्यक्त गरिएको वचनले सबै जना “एक" भएर जम्मा भएका थिए भन्ने जनाउँछ। येशूलाई विश्वास गर्छु भन्ने विश्वासीहरूले एउटै शरीर जस्तै भएर चल्नु कतिको महत्त्वपूर्ण रहेछ भनेर उपरोक्त वचनले हामीलाई कसरी बताउँछ?**

## २. परमेश्वरको वचन वा व्यवस्था पढ्नु र सुनाउनु

एज्राले भित्रबाट सायद मन्दिरको ढुकुटीबाट होला, व्यवस्थाको पुस्तक जनसमूहको बीचमा पढ्न ल्याए र त्यसबाट पढेर सुनाए। उनले तिनीहरूलाई के पढेर सुनाए? के विहानभरि दश आज्ञालाई दोहोऱ्याइँ तेहऱ्याइँ पढिरहे होलान्? जब परमेश्वरको व्यवस्थाबाट भनेर सम्बोधन गरिन्छ तब मोशाले लेखेका पाँचवटा पुस्तकहरूलाई सम्झिनुपर्छ। तिनीहरू उत्पत्ति, प्रस्थान, गन्ती, लेबीहरूलाई र व्यवस्था हुन् (हुन त अय्यूबको पुस्तक पनि मोशाले नै लेखेको भनेर बताइन्छ)। ती पाँच पुस्तकहरू हिब्रू धर्मशास्त्रका मूल पवित्र धार्मिक शास्त्रहरू हुन् जसलाई हिब्रू भाषामा तोराह भनिन्छ। “व्यवस्था" भन्नाले ती शास्त्रहरूको केवल एक भागमात्र हो जसलाई नीतिनिर्देशन अथवा शिक्षादीक्षा भनेर पनि अनुवाद गर्न सकिन्छ। तिनीहरू दिशानिर्देशक हुन् अर्थात अर्तीशिक्षा हुन् जसलाई पालन गर्दा मानिसले जुन लक्ष्यमा हिँड्नुपर्ने हो त्यो लक्ष्यमा हिँड्नका लागि आचारसंहिता प्राप्त गर्दछ। ती शिक्षादीक्षाले मानिसहरूलाई गलत बाटोमा हिँडेर आफ्नो जीवन बर्बाद नगरून् भनेर सिकाउँदछ। जब एज्राले ती सवै पढे तब मानिसहरूले परमेश्वरका जनहरूको इतिहासलाई दोहोऱ्याएका थिए। उनले उत्पत्तिदेखि यहोशुसम्म ती इस्राएलीहरूलाई परमेश्वर कसरी तिनीहरूको साथमा हुनुहुन्थ्यो भनेर सुनाएका थिए। कथाहरूबाट, भजनहरूबाट, कविताहरूबाट, आशिर्वचन र व्यवस्थाबाट तिनीहरूले यो सुन्न पाएका थिए कि तिनीहरूले परमेश्वरसँगको हिँडाइमा कस्ता कस्ता जोखिम तथा संघर्षहरूको सामना गर्नु परेको थियो र ती सबैमा परमेश्वरले तिनीहरूलाई कसरी साथ दिई नै रहनुभयो भनेर सुनाइएको थियो। याद गर्नुहोस् तोराह भन्नाले केवल परमेश्वरका जनहरूमात्र र परमेश्वरले गर्नुभएको अगुवाइको इतिहासमात्र होइन। तर यहूदी समूदायलाई तिनीहरू को हुन्, कहाँबाट आए, तिनीहरूलाई परमेश्वरले किन चुन्नुभयो भन्ने कुरा खोतलेर विश्वका सारा जातजाति वा मानिसहरू भन्दा तिनीहरूको विशेष पहिचान किन थियो भन्ने कुरा त्यस तोराहले प्रष्ट पार्दछ।

जब हामी परमेश्वरको वचन सुन्छौं वा पढ्छौं त्यसले हामीलाई कस्तो प्रभाव पार्नुपर्छ भनेर देहायका केही पदहरूले हामीलाई कसरी बताउँछ? हेर्नुहोस्, नहेम्याह ८:३ "त्यहाँ चोकको ढोकानिर बिहान घाम झुल्केदेखि मध्य-दिनसम्म एज्राले व्यवस्था पढी सुनाए र मानिसहरूले खुबै ध्यान दिएर सुने।" (ध्यान दिएर सुन्नुपर्छ), व्यवस्था ४:१-४ "१ तब मोशाले मानिसहरूलाई भने, "मैले सिकाएका सबै नियमहरू मान्यौ भने तिमीहरू बाँच्नेछौ र परमप्रभु तिम्रा पुर्खाका परमेश्वरले तिमीहरूलाई दिन लाग्नुभएको देश अधीन गर्न सक्नेछौ। २ मैले दिएका आज्ञाहरूमा केही पनि नथप, केही पनि नघटाओ। मैले तिमीहरूलाई दिएका परमप्रभुका आज्ञाहरू पालन गर। ३ परमप्रभुले पोर-पहाडमा के गर्नुभयो, त्यो तिमीहरू आफैंले देख्यौ। त्यहाँ बाल-देवतालाई पुज्ने हरेकलाई उहाँले नाश पार्नुभयो। ४ तर तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरप्रति विश्वासयोग्य रहेकाले आजसम्म जिउँदै छौ।" (यदि कोही यस संसारमा अर्थमूलक जीवन बिताउन चाहन्छ भने उसले आफूले बनाएका भगवानहरूलाई पूजा नगरी परमेश्वरका आज्ञाहरू पालन गरिरहनुपर्छ), व्यवस्था ६:१८ "१ परमप्रभु तिम्रा परमेश्वरले तिमीहरूलाई सिकाउन भनी मलाई आज्ञा गर्नुभएका सबै नियमहरू यी नै हुन्। जुन देशमा पसी त्यसलाई आफ्नो अधीन गर्नेछौ, त्यहाँ तिनको पालन गर्नू। २ तिमीहरूको प्राण रहुञ्जेलसम्म तिमीहरूले र तिम्रा सन्तानले परमप्रभु आफ्ना परमेश्वरको आदर गर्नू र मैले तिमीहरूलाई दिँदैगरेका नियमहरू पालना गर्नू। त्यसो भए तिमीहरू त्यस देशमा धेरै दिनसम्म जिउन सक्नेछौ। ३ हे इस्राएलका मानिसहरू हो! ती नियमहरू सुन र मान। तब सबै कुरामा तिमीहरूको भलो हुनेछ र तिमीहरू एउटा प्रतापी जाति बन्नेछौ। परमप्रभु हाम्रा पुर्खाका परमेश्वरले प्रतिज्ञा गर्नुभएअनुसार तिमीहरू त्यस असल र मलिलो देशमा बास गर्नेछौ। ४ हे इस्राएलीहरू हो, यो याद गर! परमप्रभु मात्र हाम्रा परमेश्वर हुनुहुन्छ। ५ परमप्रभु आफ्नो परमेश्वरलाई आफ्ना पूरा हृदय, पूरा प्राण र पूरा बलले प्रेम गर। ६ आज मैले तिमीहरूलाई दिएका यी आज्ञाहरू कहिल्यै नभुल। ७ ती तिम्रा छोरा-छोरीहरूलाई सिकाओ। तिमीहरू घरमा छँदा वा बाहिर टाढा जाँदा, बस्दा वा काम गर्दा तिनको घरीघरी चर्चा गर। ८ तिनलाई आफ्ना पाखुरामा बाँध। सम्झनाको लागि तिनलाई आफ्ना निधारमा लगाओ। ९ तिनलाई आफ्ना घरका ढोकाका चौकोसमा र मूल-ढोकाहरूमा लेख।" (परमेश्वरलाई हाम्रा सारा बाहुबल, आत्मिक र मानसिक क्षमताले प्रेम गरेर जिउन सक्नको भलो हुन्छ र प्रतापी भएर जिउन सक्दछ), यहोशू १:५९ "५ यहोशू, तिम्रो जीवनकालमा कसैले पनि तिमीलाई हराउन

सक्नेछैन। मोशासित झैं म तिमीसित रहनेछु। म सधैं तिमीसित रहनेछु, म तिमीलाई कहिल्यै त्याग्नेछैनँ। ६ भरोसा राख् र साहस गर् किनभने यी मानिसहरूले मैले तिनका पुर्खाहरूलाई प्रतिज्ञा गरेको देश अधीन गर्दा तिमीले तिनीहरूका अगुवाइ गर्नेछस्। ७ केवल भरोसा राख् र साहस गर् अनि मेरा सेवक मोशाले दिएका नियमहरू सबै पालन गर्ने निश्चय गर्। त्यसको कुनै भाग नछोड्नू र तिमी जहाँ जान्छौ, त्यहाँ सफल हुनेछौ। ८ व्यवस्थाको पुस्तक सधैं पढ्ने गर्। रात-दिन त्यसमा ध्यान गर् र त्यहाँ लेखिएका हरकुरा पालन गर्। तब तिमीहरूको फलिफाप हुनेछ र तिमीहरू सफल हुनेछौ। ९ याद राख् कि मैले तिमफलाई भरोसा र साहस गर्ने आज्ञा दिएको छु। नडराऊ अनि हताश नहो किनभने म परमप्रभु तिम्रा परमेश्वर तिमी जहाँ गए तापनि तिमीसित छु।" (परमेश्वरसँग हिँड्न राजी भयौं भने उहाँपनि हामीसँग हिँड्न उत्सुक हुनुहुन्छ), भजन १:१,२ "१ त्यो मानिस सुखी रहन्छ, जो दुष्ट मानिसको सल्लाह मान्दैन, पापीहरूको चालमा चल्दैन वा परमेश्वर नमान्नेहरूको साथ दिँदैन। २ तर परमप्रभुको व्यवस्था मान्नलाई खुसी हुन्छ र रात-दिन त्यसको अध्ययन गर्छ।" (सही सुखी जीवन नै परमेश्वरको व्यवस्था पालन गर्नु र पढ्नु हो), हितोपदेश १९:२० "सल्लाह सुन्ने र शिक्षा लिने व्यक्ति एक न एक दिन बुद्धिमान् बन्नेछ।" (परमेश्वरको वचन मानिसलाई बुद्धिमान बनाउने स्रोत हो), इजकिएल ३७:४६ "४ उहाँले मलाई भन्नुभयो, "यी हाडहरूलाई अगमवाणी बोल्। यी सुखा हाडहरूलाई परमप्रभुको वचन सुन्न भन्। ५ तिनीहरूलाई म सार्वभौम परमप्रभुको यस्तो वचन छ भनी बताइदे" म तिमीहरूमा सास फुकिदिनेछु र तिमीहरूलाई फेरि जीवित बनाउनेछु। ६ तिमीहरूलाई म नसा र मांस-पेशीले भर्नेछु र बाहिरबाट छालाले ढाक्नेछु। म तिमीहरूमा सास फुकिदिनेछु र तिमीहरूलाई फेरि जीवित बनाउनेछु। तब म नै परमप्रभु हुँ भनी तिमीहरूले जान्नेछौ।" (मर्नलाई बाँचिरहेको हुनाले आफू जिउँदो मुर्दा भनेर महसुस गर्नेहरूले यदि परमेश्वरको वचन सुनियो भने त्यो मानिस जिवित हुन्छ) र मत्ती १७:५ "पत्रुसले यसरी कुरा गर्दागर्दै चहकिलो बादल आयो र त्यसको छायाँले उहाँहरूलाई ढाक्यो अनि बादलभित्रबाट यस्तो आवाज आयो, "यिनी मेरा प्यारा पुत्र हुन्, यिनीसँग म धेरै खुसी छु। यिनले भनेको तिमीहरूले मान।" (येशूका वचन पालन गर्न परमप्रभु परमपिताको आफ्नै आदेश हो)। (कोष्ठक भित्रका भनाइहरू पाठकवर्गले बुझोस् भनेर अनुवादकले च्वास्स लेखेका हुन्)।

१३ वर्ष अघि एज्रा यरुशलेममा आएका थिए। ती दिनहरूमा उनी परमेश्वरको वचन सिकाउने र पढेर सुनाउने काममा लागेका थिए। जब सारा

मानिसहरू जम्मा भए तब वचन सुनाउने उनकै कला वा पौरखताले गर्दा उनीबाटै वचन सुन्ने तिनीहरूले आफ्नो चाहना व्यक्त गरेको हुनुपर्छ। एज्रा परमेश्वरको काममा समर्पित थिए र आफू जहाँ गएपनि उनको सम्पर्कमा आउने मानिसहरूको जीवनमा केही न केही प्रभाव राख्ने वा परिवर्तन गर्ने **लक्ष्यमा उनी हिँडेका थिए।** जब एज्राले परमेश्वरको वचन मानिसहरूलाई सुनाइरहे तब मानिसहरूको हृदयमा त्यो वचन जीवित भएर घुसेको थियो। त्यसैको फलस्वरुप जब मानिसहरू जम्मा भए तब परमेश्वरको वचन एज्राकै मुखबाट सुन्ने तिनीहरूले भित्री हृदयदेखि नै निर्णय गरेका थिए।

जब मानिसहरूको दिमागमा परमेश्वरको वचनले गहिरो प्रभाव पार्न थाल्छ तब तिनीहरूको जीवनमा परमेश्वरको बारेमा अझ गहिरो आत्मज्ञान सिक्ने इच्छा जागृत हुन्छ।

**जब तपाईं परमेश्वरको वचन पढ्नुहुन्छ तब त्यस वचनसँग तपाईंको सरोकार कसरी रहन जान्छ? परमेश्वरको वचनमा तपाईं विश्वास गर्छु भनेर दावी त गर्नुहोला तर त्यसमा सिकाइका पाठहरूको पालन गरेको तपाईंको जीवनले कसरी देखाइरहेको छ? यदि तपाईंको जीवनले बाइबलका कुराहरूलाई पालन गरेन भने तपाईंको जीवन कसरी चल्ने होला सो विचार गर्नुहोस्?**

## ३. परमेश्वरको वचन पढेर त्यसको अर्थ खुलाउनु

**परमेश्वरको व्यवस्था वा पवित्र धर्मशास्त्रलाई कसरी पढियो? हेर्नुहोस् नहेम्याह ८:४-८ "४ त्यसको निम्ति त्यहाँ एउटा काठको मञ्च बनिएको थियो र एज्रा काठको मञ्चमाथि उभिएका थिए। उनको दाहिनेपट्टि मत्तित्याह, शेमा, अनायाह, उरियाह, हिल्कियाह, मासेयाह र देब्रे हातपट्टि पदायाह, मीशाएल, मल्कियाह, हाशूम, हशबदाना, जकरिया र मशुल्लाम उभिएका थिए। ५ त्यसरी एज्रा मञ्चमा उभिएको बेलामा मानिसहरूले उनलाई एकटक लाएर हेरिरहे। उनले व्यवस्थाको पुस्तक खोल्ने बित्तिकै मानिसहरू खडा भए। ६ एज्राले भने, "महान् परमेश्वर प्रभुको प्रशंसा गर!" तब सबै मानिसहरूले हात आकाशतिर उचालेर "आमेन आमेन" भने। शिर भूइँसम्म निहुराएर घुँडा टेकी तिनीहरूले परमेश्वरलाई प्रणाम गरे। ७ तब तिनीहरू आ-आफ्ना ठाउँमा उभिए र येशूअ, बानी, शरेबियाह, यामीन, अक्कूब, सब्बतै, होदियाह, मासेयाह, कलीता, अजर्याह, योजाबाद, हानान र पलयाह नाम भएका लेवीहरूले तिनीहरूलाई व्यवस्थाको अर्थ खोलेर बुझाए। ८ तिनीहरूले मुखमुखै व्यवस्था सरल भाषामा अनुवाद गर्दै अर्थ खोलिदिए र मानिसहरूले बुझे।"**

जब एज्राले पढ्न थाले तब त्यहाँ दुई समूहका १३ जना मानिसहरू उनको साथमा उभिएका थिए। पहिलो १३ जनाको समूहले (नेहमिय ८:४) परमेश्वरको वचन पढ्न सहयोग गरे भने दोस्रो १३ जनाको समूहले (नहेम्याह ८:७) ती पढेका वचनहरूको अर्थ खुलाएर बुझाउन सहयोग गरेका थिए। सार्बजनिक स्थलमा कति व्यवस्थित ढङ्गले पवित्र शास्त्र पढ्ने प्रबन्ध मिलाइयो त्यसको बारेमा हामीसँग जानकारी छैन। तर तोराह पुस्तकको मुठा भएको हुनाले त्यो गह्रौं हुन सक्छ र त्यसलाई फुकाउनु पर्ने भएकोले त्यसको निम्ति सहयोगको आवश्यकता भएको हुनसक्छ। त्यसकारण एक समूहले मुठा खोल्न सहयोग गरिदियो भने अर्को समूहले पालै पालो त्यो पढेको हुनुपर्छ। बिहानैदेखि दिउँसोसम्म त्यो पुस्तक पढ्न थालिएको हुनाले त्यस सभामा भएका सबैले त्यो सुन्ने अवसर पाएको हुनुपर्छ।

जब धर्मशास्त्र पढ्दै गइयो तब त्यसको टिप्पणी वा व्याख्या गर्दै र रूपान्तर गर्दै पढिएको हुनाले त्यहाँ सुन्ने सबैले त्यसको अर्थ बुझ्न सकेका थिए। बेबिलोनबाट मानिसहरू फर्केका थिए। त्यहाँ तिनीहरू धेरै वर्षसम्म रहेका थिए। त्यस देशको मुल भाषा आरामिक थियो। त्यसकारण हिब्रू भाषामा लेखिएको पुस्तक सरसर्ती पढ्दा कतिपयले बुझ्न नसकेको हुनुपर्छ। विशेष गरेर नयाँ पिँढीका मानिसहरूलाई सो बुझ्न गाह्रो भएको हुनुपर्छ। त्यसकारण बाइबल पढ्ने मानिसले व्याख्या सहित वा टिप्पणी सहित पढ्नाले पढ्ने सामग्रीबाट फाइदा उठाउन सकिन्छ। जब परमेश्वरको वचन सिकाइन्छ र व्याख्या गरिन्छ तब त्यो वचन जीवित हुन जान्छ र सुन्ने मानिसहरूले आफूले सुने अनुसार व्यक्तिगत जीवनमा लागु गर्नका लागि वचन सरल भइदिन्छ।

**सयौं वर्ष अघि यरुशलेममा एज्राको पालामा के भएको थियो त्यही प्रेरितहरूको समयमा पनि भएको थियो सो प्रेरित ८:२६-३८ पढ्नुहोस्। त्यसबाट हामीले के पाठ सिक्न सक्छौं? हेर्नुहोस्, "२६ प्रभुका एउटा स्वर्गदूतले फिलिपलाई भने, "उठ र दक्षिणतिर गएर यरूशलेमबाट गाजातर्फ जाने उजाड-स्थानमा पर्ने बाटोमा जाऊ।" २७ फिलिप उठेर हिँडे। त्यति नै बेला इथियोपिया देशका एउटा नपुंसक त्यही बाटो भएर जाँदै थिए। उनी इथियोपिया देशकी महारानी कन्दाकीका ठूलो अख्तियार पाएको खजान्ची थिए। उनी यरूशलेममा गएर परमेश्वरलाई पुजेर घरतिर फर्किंदै थिए २८ र आफ्नो रथमा बसेर यशैया अगमवक्ताले लेखेको पुस्तक पढिरहेका थिए। २९ पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" ३० फिलिप दौडेर रथको नजिक पुगे र ती मानिसले यशैया अगमवक्ताले लेखेको पुस्तक पढिरहेको**

सुने। फिलिपले उनलाई सोधे, "हजुरले पढिरहनुभएका ती कुराहरू बुझ्नुहुन्छ? ३१ "कसैले नबुझाइदिई मैले कसरी बुझ्ने? ती मानिसले जवाफ दिए। उनले फिलिपलाई रथमा चढेर आफूसँगै बस्न बिन्ती गरे। ३२ ती नपुंसकले पढिरहेको धर्मशास्त्रको भाग यो थियो" उहाँ काट्न लगिने भेडाजस्तो हुनुहुन्थ्यो, ऊन काटिंदा चुप रहने भेडाजस्तै उहाँले आफ्नो मुखबाट कुनै शब्द निकाल्नुभएन। ३३ उहाँ यति होच्याइनुभयो कि उहाँले ठीक न्यायसम्म पनि पाउनुभएन अनि उहाँ पृथ्वीबाट लगिनुभयो र उहाँको सन्तानको बयान अब कसले गर्ला? " ३४ यी नपुंसकले फिलिपलाई सोधे, "दया गरी मलाई बताउनुहोस्, यो कुरा अगमवक्ताले कसको बारेमा भन्नुभएको हो? आफ्नै या अरू कसैको बारेमा? " ३५ अनि फिलिपले उनलाई धर्मशास्त्रको त्यही भागदेखि लिएर येशूबाट मुक्ति पाइन्छ भन्ने सुसमाचार सुनाए। ३६ बाटोमा जाँदाजाँदै तिनीहरू केही पानी भएको ठाउँमा आइपुगे। यी नपुंसकले फिलिपलाई भने, "यहाँ पानी रहेछ! के मलाई बप्तिस्मा लिन अब कुनै कुराले रोक्ला? ३७ फिलिपले तिनलाई भने, "हृदयदेखि नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।" "हो, येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनेर म विश्वास गर्छु," ती मानिसले जवाफ दिए। ३८ उनले रथ रोक्न लगाए र उनीहरू दुवै झरेर पानी भएको ठाउँमा गए र फिलिपले उनलाई बप्तिस्मा दिए।"

हामी सुधारवादी इसाई हौं त्यसैले पोपले जे भन्यो त्यहीं ठिक भनेर हामी स्वीकार्दैनौं। प्रत्येक व्यक्तिले आफैले धर्मशास्त्र पढ्ने बानी बसाल्नुपर्छ र बुझ्न खोज्नुपर्छ। कसैले भन्यो भन्दैमा आँखा चिम्लेर विश्वास गर्नुपर्छ भनेर बाइबलले भन्दैन। जुनसुकै अधिकार पाएका मानिसले बाइबलको सत्यलाई सुनाएतापनि त्यो हो कि होइन भनेर आफैले जानेर बुझेर स्वीकार गर्नुपर्छ। फेरि कतिपय समयमा हामीले पढेको कुरा नबुझ्दा अरूले बुझाइदिंदा हामी कतिले आशिष नपाएको अनुभव गरेका हौला? हामी जे विश्वास गर्छौं त्यो बुझ्न हामीलाई एक आर्काको मद्दत चाहिन्छ। अरूले पाएको आत्मज्ञान र शिक्षा वा तिनीहरूले सिकाएको कुरामा हामी पनि आशिषित हुन सक्छौं भन्ने कुरालाई पनि हामीले विर्सनुहुन्न।

## ४. मानिसहरूको प्रतिक्रिया

जब एज्राले परमेश्वरको वचन खोल्दछन् जसलाई हिब्रूमा तोराह भनिन्छ, सबै मानिसहरू श्रद्धापूर्वक उभिन्छन्। पढ्नुभन्दा अघि परमेश्वरसँग आशिष माग्दछन् र उहाँलाई धन्यवाद चढाउँछन्। उनले पढेपछि मानिसहरू

"आमेन, आमेन" भनेर चिच्याउँछन् (नहेम्याह ८:५,६ रूपान्तरित)। सबै जना हात स्वर्गतिर उठाएर एकै स्वरमा "आमेन" भन्छन्। अनि तिनीहरू शिर निहुराउँदै गहभरि आँसु चुहाउँदै भुइँमा घोप्टो पारेर परमेश्वरको आराधना गर्दछन्।

**मानिसहरूलाई नरुनु र शोक नमनाउनु भनेर अगुवाहरूले किन भने? हेर्नुहोस्, नहेम्याह ८:९-१२ " ९ व्यवस्थाका वचनले मानिसहरूको हृदय छोयो र तिनीहरू रुन लागे। तब बडा-हाकिम नहेम्याह, पूजाहारी शास्त्री एज्रा, शिक्षा दिइरहेका लेवीहरूले तिनीहरूलाई भने, "आजको दिन हाम्रा प्रभु परमेश्वरको लागि पवित्र छ, यसर्थ आज तिमीहरू रुनु-कराउनुहुँदैन। १० अब घर गएर भोज खाओ। जोसँग पुग्दो छैन, ऊसँग आफ्ना भोजन र दाखमद्य बाँडेर खाओ। हाम्रा परमप्रभुको निम्ति आजको दिन पवित्र छ। यसैले विलाप नगर। परमप्रभुले दिनुहुने आनन्दले तिमीहरू बलिया हुनेछौ।" ११ लेवीहरूले मानिसहरूका बीचमा घुमी-घुमी तिनीहरूलाई शान्त गराए, आज जस्तो पवित्र दिनमा विलाप नगर भनी सम्झाए। १२ तब सबै इस्राएलीहरू घर गए, आनन्दसाथ खाए, पिए, आफूसँग भएका कुरा अरूसँग बाँडे किनभने व्यवस्थाबाट पढी सुनाइएका कुरा तिनीहरूले बुझेका थिए।"**

"कति वर्षपछि युद्धबन्दी भएर बेबिलोनमा रहेका इस्राएलीहरू यरुशलेममा फर्केका थिए। जब तिनीहरूले परमेश्वरको वचन वा व्यवस्था सुने तब तिनीहरू धुरुधुरु रोए। तिनीहरू परमेश्वरको इच्छा अनुसार नचलेकोमा तिनीहरूले पश्चाताप गरेका थिए। तिनीहरूप्रति अनुग्रह अर्थात् सदाशयता देखाउँदै अगुवाहरूले भने, "तिमीहरू अब शोक नगर...तिमीहरू आ आफ्नो घरमा जाऊ, पेटभरी खाऊ, मिठाई पिओ, आफ्नोमात्र पेट नभर तर आजको दिनको लागि तयार हुन केही नभएकाहरूलाई पनि बाँध किनकि आजको दिन परमेश्वरको पवित्र दिन हो। दुःख नमानाऊः किनभने परमेश्वरमा आनन्द हुनु नै तिमीहरूको बल हो।" नहेम्याह ८:९,१०।"एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग*, पृ. २८१बाट रूपान्तरित।

जब मानिसहरूले परमेश्वरका वचनहरू सुन्दै थिए तब तिनीहरू कति पापी थिए भन्ने कुरा तिनको मनमा काँढा बिजे जस्तै पीडा महसुस गरेर तिनीहरू रुन थालेका थिए। जब परमेश्वर हाम्रो माझमा प्रकट हुनुहुनेछ तब हामी उहाँको प्रेम, अनुग्रह, सदाशयता, दया, करुणा र विश्वसस्ता देख्छौं अनि हाम्रो आफ्नो कमिकमजोरी र असफलता हाम्रो सामु खडा हुनेछ। जब परमेश्वरको वचनबाट हामी परमेश्वरको पवित्रता हेर्छौं तब त्यस नयाँ

आत्मज्ञान वा प्रकाशले  मामी हाम्रो आफ्नो अन्धकारको जीवन कस्तो कहालिलाग्दो रहेछ भनेर देख्न सक्ने हुनेछौं। त्यही कुराको महसुसले गर्दा इस्राएलीहरू शोक मनाउन र रुन थालेका थिए। तर तिनीहरूले रुन आवश्यक थिएन न त शोकित हुन किनभने "परमेश्वरको आनन्द नै तिमीहरूको बल हो" (नहेम्याह ८:१०)। अर्को अर्थमा भन्ने हो भने तिनीहरूले परमेश्वरको मार्गमा हिंड्न  चुकेतापनि तिनीहरू परमेश्वरको शक्तिमा अझ पनि भर पर्न सक्थे।

त्यो  विशेष दिन थियो। त्यो पवित्र दिन जसलाई तुरहीहरू बजाउने पर्व वा रोश हाशनाह भनिन्थ्यो। त्यसबेला एक क्षण तुरहीहरू बज्थे। परमेश्वरको न्यायको दिन वा प्रायश्चितको दिनको लागि तयार हुन ती तुरहीका आवाजहरू सूचनाको निम्ति बजाइन्थ्यो। त्यो तिश्री महिनाको दशौं दिनमा मनाइन्थ्यो। तुरहीहरूको आवाजले परमेश्वरको सामु उभिन र पश्चाताप गर्न आम जनतालाई सजग गराइएको हुन्थ्यो। त्यो दिन क्षमा पूजाको दिन अर्थात परमेश्वरतिर फर्कन मानिसहरूलाई सम्झाइएको दिन हुन्थ्यो। त्यसकारण मानिसहरूको रुवाइ र शोक व्यक्त गराइ मनासिव नै थियो। जब तिनीहरूले पश्चाताप गरे तब परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुभयो त्यसकारण अव परमेश्वरबाट क्षमा पाएकोले अब यो तिमीहरूको खुशियाली व्यक्त गर्ने समय हो भनेर अगुवाहरूले तिनीहरूलाई सम्झाएका थिए।

**येशूले क्रूसमा के गर्नुभयो सो आत्मज्ञान तपाईंले पाउनुभयो भने पाप कति खराब रहेछ  भन्ने महसुस गर्न सक्नुहुनेछ। पापको समस्याको समाधान केवल क्रूसमात्र हो र हाम्रो अन्धकारमा चम्किने किरणको आशा उहाँमात्रै हुनुहुन्छ भनेर के तपाईंले अनुभव गर्नुभएको छ?**

## ५. परमेश्वरको आनन्द

"परमेश्वरको आनन्द नै तिमीहरूको बल हो" भनेर (नहेम्याह ८:१०)ले सम्बोधन गर्नुको मतलव परमेश्वरको चाहना हो कि हामी खुशी होऔं, हाम्रो जीवन रमाइलो र आनन्दमय होस्। दुनियाको क्षणिक रमझममा रमाइलो वा खुशियाली वा आनन्द हुनु भनेको होइन तर परमेश्वरको बारेमा जानेर उहाँको वास्तविक प्रेमलाई बुझेर आउने खुशियाली वा आनन्द पाउने कुरा बुझ्नु अत्यन्तै जरुरी छ। परमेश्वरमा परम आनन्दको अनुभूति पाउनु, हामीप्रतिको हित नै उहाँको चाहना र खुशीसाथ हामीले जीवन निर्वाह गरौं भनेर नै हामीलाई हाम्रो निम्ति सबै थोक उपलब्ध गराउनुभएको हो। परमेश्वरले

दिनुभएको आशिषलाई उपभोग गरेर आनन्दित हुन हामीले दिनदिनै प्रयत्न गर्नुपर्छ। अझ परमेश्वरमा रमाइलो वा आनन्द मनाउँदा दैनिक जीवनका आइपर्ने कठिनाइको सामना गर्न हामीलाई बल मिल्छ र हाम्रो अगाडि जे आएपनि त्यसलाई सजिलै सम्हाल्न हामी शक्ति पाउँछौं।

**नहेम्याह ८:१३-१८ पढ्नुहोस्।ती पदहरूले त्यस समयका मानिसहरू र अगुवाहरूको बारेमा हामीलाई के बताउँछ? हेर्नुहोस्, "१३ भोलिपल्ट वंश-वंशका मुखियाहरू, पूजाहारी र लेवीहरू व्यवस्थाका शिक्षा अध्ययन गर्न एज्राकहाँ गए। १४ तिनीहरूले देखे कि परमेश्वरले मोशाद्वारा दिनुभएको व्यवस्थाअनुसार केही दिनको निम्ति हामीहरू छाप्रोमा बस्नुपर्थ्यो। त्यसलाई छाप्रो वासको चाड भनिन्थ्यो। १५ तब तिनीहरूले यरूशलेम र अरू सहरहरूभरि यस्तो समाचार पठाए, "पहाडमा जाओ, धूपी, भद्राक्ष, मेहदी, खजूर र अरू रूखबाट हाँगाबिँगा बटुलेर ल्याओ। व्यवस्थामा लेखेअनुसार हामीले छाप्रो बनाउनुपर्छ।" १६ तब मानिसहरूले हाँगाबिँगा ल्याएर छाप्रो बनाए। घरको कौसीमाथि, आँगनमा, मन्दिरको चोकमा, पानी-ढोका र एफ्राइम ढोकाछेउका चोकहरूमा तिनीहरूले छाप्रो बनाए। १७ कैदबाट छुटेर आएका सबै मानिसहरू छाप्रो बनाएर बसे। नूनका छोरा यहोशूको पालादेखि अहिलेसम्म पहिलोपल्ट यसरी तिनीहरू छाप्रो हालेर बसेका थिए, यसैले मानिसहरूमा ठूलो जोश र आनन्द थियो। १८ चाडका पहिलो दिनदेखि अन्तिम दिनसम्म दिनहुँ एज्राले परमेश्वरको व्यवस्थाको पुस्तकबाट एक-एक भाग पढे। सात दिनसम्म यसरी मनाएपछि आठौं दिनमा व्यवस्थाअनुसार तिनीहरूले चाडको आखिरी उत्सव मनाए।"**

भोलिपल्ट परमेश्वरको पुस्तकबाट अरू जानकारी लिन मानिसका अगुवाहरू एज्राकहाँ आए। ती अगुवाहरूले परमेश्वरका जनहरूले उहाँतिर मन दिऊन् भन्ने चाहना राखेका थिए भन्ने कुरा त्यो कामले देखाउँदछ। ती अगुवाहरू आफैले परमेश्वरको ज्ञानमा चासो देखाएनन् र उहाँको ज्ञानमा परिपक्व हुन सकेनन् भने अरू मानिसहरूलाई परमेश्वरतिर डोऱ्याउन पनि सक्षम् हुनसक्दैनन् भनेर तिनीहरूले बुझेका थिए।

**लेबी २३:३९-४३ पढ्नुहोस्। इस्राएलीहरूलाई के गर्न आदेश दिइएको थियो र किन? हेर्नुहोस्, "३९ आफ्ना खेतका अन्न बटुलिसकेपछि सातौं महिनाको पन्ध्रौं दिनमा सुरु गरेर यो चाड सात दिनसम्म मान्नू। पहिलो दिन विशेष विश्रामको दिन हुनेछ। ४० त्यस दिन आफ्ना रूखका सबैभन्दा असल केही फलहरू र खजुरका र पात भएका रूखका हाँगाहरू लिनू र परमप्रभु तिमीहरूका परमेश्वरको आदर गर्नलाई यो धार्मिक चिन्ह मान्न सुरु**

**गर्नू। ४१ सात दिनसम्म चाड मनाउनू। तिम्रा सन्तानहरूले सधैँभरि आउँदा दिनमा यो नियम पालन गर्नुपर्नेछ। ४२ सबै इस्राएलीहरू सात दिनसम्म छाप्रोमा बास गर्नेछन् ४३ र त्यसरी तिम्रा सन्तानले परमप्रभुले इस्राएलका मानिसहरूलाई मिश्रदेखि निकाली ल्याउनुहुँदा तिनीहरूलाई साधारण छाप्रोमा बस्न लगाउनुभएको थियो भनी जान्नेछन्। उहाँ परमप्रभु तिमीहरूका परमेश्वर हुनुहुन्छ।"**

जे लेखिएको थियो सोही अनुसार मानिसहरूले गरे भनेर नहेम्याह ८:१५ले बताएको कुरा ख्याल गर्नुहोस्। परमेश्वरको वचन अनुसार चल्ने विषयमा तिनीहरू कतिको गम्भीर थिए भन्ने अर्को उदाहरण हामी यहाँ पाउँछौं। दशकौंको युद्धबन्दी जीवनपछि परमेश्वरको चाहनालाई उल्लङ्घन गर्दा तिनीहरूलाई के भयो सो पाठ तिनीहरूले सिकेका थिए। चाड मनाएर परमेश्वरको सामु सात दिनसम्म खुशियाली मनाउनु भनेर लेबी २३:४०मा भन्नुको अर्थ पनि घतलाग्दो छ। अर्थात्, परमेश्वरको कृपा, सदाशयता, अनुग्रह र मुक्तिको कामलाई जब तिनीहरूले सम्झे तब तिनीहरूको निम्ति परमेश्वरले के गर्नुभयो सोप्रति खुशियाली मनाउनु उचित नै ठहरिएको थियो।

**अहिले हामीले इस्राएलीहरूले मनाए जस्तो चाडपर्व मनाउनु पर्दैन तर ती चाडहरूमा येशूले हाम्रो निम्ति के गर्नुभयो ती चाडहरू त्यसकै प्रतीक थिए। येशूले जे गर्नुभयो जसले गर्दा हाम्रो दुःखकष्ट र पीडामा पनि हामी कसरी आनन्दित हुने? त्यस्तै समयमा पनि परमेश्वरप्रति आभार व्यक्त गर्नु हाम्रो जीवनको निम्ति किन महत्वपूर्ण छ?**

**उपसंहारः**

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित प्रोफेटस एण्ड किङ्गसको पृ. ६६१-६६८को "इन्सट्रक्टेड इन द ल अभ गड।"

"परमेश्वरले दिनुभएका प्रतिज्ञाहरूमा तिनीहरूले आस्था देखाउनु पर्ने समय आएको थियो। तिनीहरूको पश्चातापलाई परमेश्वरले ग्रहण गर्नुभएको थियो। अब तिनीहरूको पाप क्षमा भयो भन्ने ज्ञानको कारण तिनीहरूले खुशियाली मनाउनु पर्दथ्यो र तिनीहरूको पुनर्स्थापना केवल परमेश्वर तिनीहरूको पक्षमा हुनुभएकोले भएको हो भन्ने निश्चित भएको थियो।...

परमेश्वरतिर इमान्दारिताकासाथ सत्यरूपमा फर्किने प्रत्येक पलले जीवनमा आनन्द ल्याउँछ। जब पापी मानिसले पवित्र आत्माको प्रभावमा आफ्नो जीवन अर्पण गर्दछ तब उसले आफ्नो दोष र जीवनमा आफैले ल्याइरहेको अशुद्धपना वा प्रदुषणलाई छर्लङ्गै देख्दछ। सबै हृदयका कुरा

जान्नुहुने र छान्नुहुने परमेश्वरको पवित्रताको विपरीत म चलेको रहेछु भनेर त्यस पापी मानिसले महसुस गर्न पुग्दछ। परमेश्वरको व्यवस्था उल्लङ्घन गरेर आफू चलेको कारणले आफूले आफैलाई उसले दोषी ठहऱ्याउँछ। तर ती कुराले उसलाई निराश बनाउने अवस्था रहदैन किनभने उसको निम्ति क्षमा उपलब्ध गराइएको छ। पाप क्षमा भएकोले ऊ खुशी हुनुपर्दछ किनभने स्वर्गमा रहनुहुने परमपिता परमेश्वरले उसलाई अगाध प्रेमद्वारा उसलाई क्षमा दिइएको छ। जब पापी र पश्चातापी मानिस परमेश्वरको प्रेमिलो अङ्गालोमा पर्दछ तब त्यसले उहाँमा महिमा ल्याउँदछ। पापको घाऊमा उहाँले मलहमपट्टी लगाउनुहुन्छ। पापलाई उहाँले पखाल्नुहुन्छ। अन्तमा उहाँले आफ्नो मुक्तिको पोशाक उसलाई पहिऱ्याइ दिनुहुन्छ।"एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ६६८बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. कुन शर्तमा तपाईं "परमेश्वरको आनन्द तपाईंको बल हो " (नहेम्याह ८:१०) भन्ने अनुभूति पाउनुहुन्छ? अर्थात् परमेश्वरको शक्ति र क्षमा हाम्रो जीवनमा अनुभव गर्न के हामीले केही गर्नुपर्छ र? यदि पर्छ भने, के गर्नुपर्छ?

आ. हाम्रो पापले गर्दा हामी शोकित हुनुपर्ने र त्यसै वखत परमेश्वरमा खुशी हुनुपर्ने? त्यसमा ठिक संतुलनको अनुभव कसरी गर्ने? के ती एक आपसमा बिपरीत दिशाका छैनन् र? परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू र सुसमाचार सँगसँगै जाने भएकोले त्यसको जवाफ कसरी पाइन्छ? हेर्नुहोस्, रोमी ३:१९३१ "१९ व्यवस्थाको कुरा व्यवस्थाका अधीनमा हुने मानिसलाई भनिएको हो भनी हामीलाई थाहा छ। यसकारण सबै मानिसको मुखमा बुजो लाग्नेछ र सारा संसार दोषी ठहराइन परमेश्वरको अगाडि उभ्याइनेछ। २० व्यवस्था पालनले कोही पनि परमेश्वरको अगाडि ठीक ठहरिनेछैन किनभने व्यवस्थाले त मानिसले गरेको पाप चिनाइदिन्छ। २१ तर अहिले व्यवस्थाबिना परमेश्वरले मानिसलाई ठीक ठहराउनुहुन्छ भनी उहाँले देखाउनुभएको छ। यही कुरा व्यवस्था र अगमवक्ताहरूले बताएका छन्। २२ यसरी परमेश्वरले येशू ख्रीष्टमा विश्वास गर्ने सबैलाई ठीक ठहराउनुहुन्छ किनभने उहाँले कसैलाई पनि छुटयाउनुहुन्न २३ किनभने सबैले पाप गरेका छन् र परमेश्वरको महिमाबाट टाढिएका छन्। २४ तर

परमेश्वर दयालु हुनुहुन्छ र उहाँले अनुग्रह गरेर ख्रीष्टद्वारा मानिसलाई सित्तैंमा निर्दोष र ठीक ठहराउनुहुन्छ किनभने ख्रीष्ट येशूले सबैको साटो आफैंले सजाय भोगेर पापको कैदबाट मानिसलाई छुटाउनुभएको छ। २५ परमेश्वरले ख्रीष्ट येशूलाई हाम्रो लागि प्रायश्चितको बलिदान स्वरूप दिनुभएर उहाँको रगत हाम्रो लागि बगाइएको हो भनी विश्वास गर्ने मानिसको पाप मेटिदिनुभएको छ। परमेश्वरले पापको सजाय ख्रीष्टमा दिएर आफैंलाई न्यायी देखाउनुभयो। परमेश्वरले ख्रीष्ट आउनुभन्दा पहिले आफ्नो रिस थामेर मानिसलाई पापको सजाय दिनुभएन। २६ परमेश्वरले अब यो युगमा आफ्नो न्याय देखाउन मानिसहरूका पाप हटाएर तिनीहरूलाई निर्दोष ठहराउनुहुन्छ। यसरी येशूमा विश्वास गर्ने हरेकलाई उहाँले ठीक ठहराउनुहुन्छ र आफैं धर्मी हुनुहुन्छ। २७ त्यसो भए केको बारेमा घमण्ड गर्ने? घमण्ड गर्ने त कुरै छैन। धर्म-कर्मले मानिसलाई घमण्डी तुल्याउँछ। तर ख्रीष्टमा विश्वास गर्दा आफ्नो धर्म-कर्ममा घमण्ड गर्ने कुरै आउँदैन। २८ यसरी हामीलाई थाहा हुन्छ, धर्म-कर्म गरेर होइन तर ख्रीष्टमा विश्वास गरेर मात्रै परमेश्वरको सामु ठीक ठहरिन सकिन्छ। २९ के परमेश्वर यहूदीहरूका मात्र परमेश्वर हुनुहुन्छ? के अन्यजातिका मानिसहरूको परमेश्वर हुनुहुन्न र? अवश्य उहाँ सबैका परमेश्वर हुनुहुन्छ। ३० परमेश्वर एउटै हुनुहुन्छ। उहाँले यहूदी हुन् वा अन्यजाति हुन्, सबैलाई तिनीहरूको विश्वासद्वारा नै आफ्नो सामु ठीक ठहराउनुहुन्छ। ३१ परमेश्वरको सामु विश्वासद्वारा ठीक ठहरिन्छ भने के परमेश्वरको आज्ञाचाहिँ काम नलाग्ने हुन्छ त? अहँ होइन। बरु हामी उहाँको आज्ञालाई साँचो रूपले मान्छौं।" (अर्थात् कायमै राख्छौं)।

इ. नहेम्याह ८:१०मा लेखिएको छ "अब घरमा गएर भोज खाओ। जोसँग पुग्दो छैन, ऊसँग आफ्ना भोजन र दाखमद्य बाँडेर खाओ। हाम्रा परमप्रभुको निम्ति आजको दिन पवित्र छ। यसैले विलाप नगर। परमप्रभुले दिनुहुने आनन्दले तिमीहरू बलिया हुनेछौ।" "आजको दिन परमेश्वरको पवित्र दिन भएकोले" घर जाऊ, भोज खाऊ, गुलियो दाखरस पिऊ, नहुनेलाई पनि तिमीहरूले खाए जस्तै उपलब्ध गराऊ? परमेश्वरमा हामीले कसरी आनन्दित हुनुपर्छ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ? यस सन्दर्भमा "पवित्र" भन्नुको अर्थ के हो?

*कथा ६*

## श्रापबाट मुक्ति, चानमिन चुङ्ग



मध्यपूर्वको विश्वविद्यालयमा भर्ना हुने समयमा सनी र सलमाको भेट भएको थियो। तिनीहरू त्यस विश्वविद्यालयको प्रथम वर्षमा अध्ययन गर्न भर्ना भएका थिए। एशियाबाट आएकी सनी “वाल्डनसियन विद्यार्थी" थिइन्।त्यो विश्वविद्यालय एडभेन्टिस्ट चर्चको मिडिल इस्ट र नर्थ अफ्रिका युनियन भित्र पर्दछ। सलमा चाहीँ स्थानीय विद्यार्थी थिइन् जो येशूलाई विश्वास नगर्ने घरमा हुर्केकी थिइन्।

ती दुई युवतीहरू छोटो समयमै साथी भए। तिनीहरू एउटै क्लासमा जान्थे र एउटै छिमेकी टोलमा बस्दथे। आफ्नो साथी त एडभेन्टिस्ट इसाई पो रैछिन् भनेर सलमाले चाँडै नै थाहा पाइन्। इसाईहरूबाट पन्छिएर बस्नुपर्छ भनेर उनलाई सिकाइएको थियो। तर सनी ज्यादै दयालु र इमान्दार थिइन्।

जब तिनीहरूको मित्रता बढ्दै गयो तब सनी बसेको ठाउँमा एक दिन शुक्रबार आराधना सेवामा भाग लिन सलमालाई सनीले अनुरोध गरिन्। त्यो अनुरोधलाई उनले पनि स्वीकारिन्। उक्त सतसङ्गमा अरू एडभेन्टिस्टहरूलाई पनि सलमाले भेटिन्। तिनीहरूको मित्रवत स्वभाव र मन खोलेर गर्ने छलफल अनि बानी व्यवहार सलमालाई मन पर्‍यो। अनि प्रत्येक शुक्रबार उनीपनि अरूसँगै भजन गाउन प्रार्थना गर्न थालिन्।

एक वर्षपछि सनीले सलमालाई एडभेन्टिस्ट चर्चमा आउन आग्रह गरिन्। त्यो उनले स्वीकारिन्। तर उनका परिवार र साथीहरूले भने उनको कडा आलोचना गरे। “तिमी त्यहाँ किन गयौ?" एक जनाले सोध्यो। “त्यसको मतलब के तिमी क्रिश्चियन भयौ ?" अर्कोले सोध्यो।

सलमा यदि तिमी इसाई भयौ भने तिमीलाई श्राप लाग्छ भनेर उनको परिरवाले उनलाई चेतावनी दिए। सलमालाई चिन्ता त लागेको थियो तर चर्चमा भने गइ नै रहिन्। युवायुवतीहरूको गीतिसमूह क्वायरमा भाग लिन

पाउदा उनी रमाएकी थिइन् साथै स्वास्थ्यको सेमिनारहरूमा पनि उनले भाग लिन थालेकी थिइन्। उनको एडभेन्टिस्ट साथीहरूले उनको निम्ति पनि प्रार्थना गर्न थाले।

एक शुक्रबार सङ्गतिको समयमा सवैजनाले येशूको जीवनीको भिडियो हेरे। त्यसपछि प्रेरितको पुस्तक अध्ययन गर्न सलमाले अनुरोध गरिन्। "उनको अनुरोधले मलाई अचम्म बनाएको थियो किनभने वर्षभरि नै उनले बाइबल पढ्न चासो देखाएकी थिएन," सनीले भनिन्।

सलमा हरेक हप्ता हुने बाइबल अध्ययनमा सरिक भइन्। तर बप्तिस्मा लिने विषयमा भने चासो नभएको कुरा उनले गरेकी थिइन्। उनको कारण आफ्नो परिवारमा श्राफ पर्ला भनेर उनी चिन्तित थिइन्।

एक साबथ महिलाहरूको विशेष सङ्गतिमा सलमा पनि सरिक भइन्। त्यसबेला प्रत्येक महिलाले मुटुको आकार भएको कार्डमा लेखिएको बाइबलको पद पढेर ध्यान गर्न भनेका थिए। उनले प्रार्थनापूर्वक एउटा कार्ड लिइन् र त्यहाँ के लेखिएको रहेछ भनेर पढिन्। त्यसमा लेखिएको थियो, "प्रभु येशूमा विश्वास गर। तिमी र तिम्रा घरपरिवारले मुक्ति पाउनेछ" (प्रेरित १६:३१)।

यो पढिसकेपछि उनको परिवारमा हुने श्रापको बारेमा चिन्ता गर्न आवश्यक नभएको उनले महसुस गरिन्। अनि त्यसै भेलामा उठेर आफू बप्तिस्मा लिन राजी भएको कुरा उनले सबैलाई सुनाइन्।

"यो कथाको अन्त्य भएको होइन तर सुरूमात्र भएको हो" सनीले सुनाइन्।"मेरो अध्ययन सकेपछि मैले यहीं बस्ने सुर कसेको छु। सलमा जस्ता व्यक्तिहरूलाई जीवनपर्यन्त साथी बनाउन सकुँ भन्ने मेरो योजना छ। उनी जस्तै अरू मानिसहरू पनि आउन् भनेर मैले परमेश्वरसँग प्रार्थना गरिरहेकी छु" सनीले आफ्नो योजना यी लेखकलाई सुनाइन्।

*(**यस** कथाका लेखक मिडिल इस्ट र नर्थ अफ्रिका युनियनको संचार निर्देशक हुनुहुन्छ)*